MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

# मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
महाराजगञ्ज, काठमाडौं
# MADHYA BHOTEKOSHI JALAVIDYUT COMPANY LIMITED
Maharajgunj, Kathmandu

प.लि.नं. १२४५/०६७/६८
प.सं. ०८१/८२ च.नं. ९५३

प्यान नं.: ३०४९५४७५१

मिति: २०८१।०६।१०

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय: लक इन अवधि (Lock In Period) समाप्त हुने बारेको सार्वजनिक जानकारीको सम्बन्धमा।

उपर्युक्त विषयमा यस कम्पनीले सर्वसाधारणलाई निष्काशन गरी शेयर बाँडफाँड गरेको मिति २०७८।०७।१२ ले तीन वर्षको अवधि मिति २०८१।०७।११ मा पूरा हुन लागेको परिप्रेक्ष्यमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१) बमोजिम तपसिल समूहका शेयरहरुको लकइन अवधि (Lock In Period) समेत मिति २०८१।०७।११ मा समाप्त भई उक्त शेयरहरु अनलक (Unlock) हुने सन्दर्भमा सो को जानकारी सो अवधि समाप्त हुनुभन्दा ३० (तीस) दिन अगाडि लगानीकर्ता एवं सम्बन्धित सबै सरोकारवालालाई जानकारी गराउन सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने एवं सो को जानकारी तहाँ बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि. र सिडिएस एण्ड क्लियरिङ्ग लि.लाई उपलब्ध गराउनुपर्ने व्यहोरा तहाँ बोर्डको २०८०।०८।२५ को पत्र (प.सं.:०८०।८१,च.नं.:१५२३) को पत्रबाट निर्देशन भए बमोजिम लगानीकर्ता एवं सम्बन्धित सबै सरोकारवाला एवं सर्वसाधारणको जानकारीको लागि मिति २०८१।०६।१० को "आर्थिक राष्ट्रिय दैनिक" मा लक इन अवधि (Lock In Period) समाप्त हुने बारेको सूचना प्रकाशित गरिएको व्यहोरा तहाँको जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध गर्दछु ।

तपसिल:
मिति २०८१।०७।११ मा लक-इन अवधि समाप्त हुने शेयरधनीहरुको विवरण

| क्र.सं. | शेयरधनीहरु | लक-इनमा रहेको शेयर संख्या |
|---|---|---|
| १. | संस्थापक शेयरधनीहरु | ३,०६,००,००० |
| २. | कर्मचारी सञ्चय कोषमा रकम जम्मा गरेका सञ्चयकर्ता कर्मचारीहरु | १,१७,००,००० |
| ३. | संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरु | २१,००,००० |
| ४. | ऋणदाता संस्था(कर्मचारी सञ्चय कोष) का कर्मचारीहरु | ६,००,००० |
| ५. | आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दाहरु | ६०,००,००० |
| ६. | कम्पनीका कर्मचारीहरु | ३,६०,००० |

(राम गोपाल शिवाकोटी)
प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ:**
श्री नेपाल स्टक एक्सचेन्ज, सिंहदरबार प्लाजा,काठमाडौं ।
श्री सि.डि.एस. एण्ड क्लियारिंग लि., पुतलीसडक, काठमाडौं ।
श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौं ।

फोन नं.: ४७२१६४१, ४७२१६४२ ई मेल: admin@mbjcl.com.np Web Site: www.mbjcl.com.np
फ्याक्स: ४७२१६४३ पो.ब.नं. २३५९९, काठमाण्डौ ।

# मिति २०८१।०६।१० गतेको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक
अङ्क ४४१६ ◆ २०८१ असोज १० गते बिहीबार ◆ ने.सं. ११४४ ◆ पृष्ठ ८ ◆ Thursday, September 26, 2024

रजिष्ट्रारको कार्यालयको मिति २०८१/०६/०६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी ए.बि.सी. एडभेन्चर्स प्रा.लि. कायम गरिएको जानकारी गराइन्छ ।

MBK JCL
## मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड
## Madhya Bhotekoshi Jalavidyut Company Limited
का.म.न.पा. वडा नं. ३, महाराजगञ्ज, काठमाण्डौ, नेपाल, फोन: ०१-४७२१६४१, ४७२१६४२ फ्याक्स: ०१-४७२१६४३
इमेल: admin@mbjcl.com.np वेबसाइट: www.mbjcl.com.np

## लक इन अवधि (Lock In Period) समाप्त हुने बारेको अत्यन्त जरुरी सूचना

नेपाल धितोपत्र बोर्डको पत्र संख्याः ८०/८१, चलानी नं.: १५२३ मिति २०८०/०८/२५ गतेको पत्रबाट निर्देशन भए बमोजिम यस कम्पनीले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड गरेको मिति (अर्थात् मिति २०७८/०७/१२ गते) ले तीन वर्ष समाप्त नभएसम्म संस्थापक शेयरधनी संस्थाहरुले धारण (Hold) गरेको शेयर तथा कर्मचारी सञ्चय कोषमा रकम जम्मा गरेका सञ्चयकर्ता कर्मचारीहरु, संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरु, ऋणदाता संस्था (कर्मचारी सञ्चय कोष) का कर्मचारीहरु, आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दाहरु एवं कम्पनीका कर्मचारीहरुलाई बाँडफाँट गरिएका तपसिल विवरण अनुसारका शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१) बमोजिम लक इन (Lock In) मा राखिएको र उक्त शेयरहरुको लक इन अवधि (Lock In Period) मिति २०८१/०७/११ मा समाप्त हुन लागेको व्यहोरा नियामक एवं अन्य सम्बन्धित निकायहरु, लगानीकर्ता एवं सर्वसाधारण लगायत अन्य सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति २०८१/०७/११ मा लक-इन अवधि समाप्त हुने शेयरधनीहरुको विवरण:**

| सि.नं. | शेयरधनीहरु | लक-इनमा रहेको शेयर संख्या |
|---|---|---|
| १. | संस्थापक शेयरधनीहरु | ३,०६,००,००० |
| २. | कर्मचारी सञ्चय कोषमा रकम जम्मा गरेका सञ्चयकर्ता कर्मचारीहरु | १,१७,००,००० |
| ३. | संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरु | २१,००,००० |
| ४. | ऋणदाता संस्था (कर्मचारी सञ्चय कोष) का कर्मचारीहरु | ६,००,००० |
| ५. | आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दाहरु | ६०,००,००० |
| ६. | कम्पनीका कर्मचारीहरु | ३,६०,००० |

*नोट: कम्पनीको सञ्चालक समितिका पदाधिकारीहरू तथा उच्च व्यवस्थापन तहमा रहेका कर्मचारीहरुले भने खरिद बिक्री गर्न पाइने छैन ।*